**Nepalese Culture**
**Vol. 16 : 77-91, 2023**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v16i1.54152**

# पाँचथर स्थित हस्तपुर गढीको ऐतिहासिक अध्ययन

## An Exploratory Study of Hastapur Gadi (Fort) of Pachthar (Nepal)

**भूपाल कुमार सेन्दाङ**
शोधार्थीः एम्फिल्, संस्कृति विभाग, त्रि.वि.
bhupalsendang@gmail.com


## Abstract

*Hastapur Fort is located on the border of Yangwarak and Hilihang Rural Municipality located in the northern part of Panchthar district in the far north-eastern part of Nepal. This fort, which was established in the first half of the Limbuwan period, is important from the historical and archaeological point of view. During the study, many old archeological physical remains have been found in this fort. Until now, no exploration or research has been done on the historical and archeological issues of this fort, which carries such importance. Major research questions to explore are, when and who established this fort? What historical and archaeological objects are there in this fort? What are the cultural aspects of this fortress? This study was conducted to answer the research question. The main objective of this study is to inaugurate the historical and cultural aspects of Hastapur Fort. The methodology of study is primarily a qualitative, historical based study of an exploratory nature, the necessary facts have been collected from historical sources, published books, genealogies and documents, and archaeological sources from the observation of the physical remains of the fort. (the ruins of the palace) are the physical remains of the fort, the old stone walls around the fort, the dilapidated temple structures and the objects related to the fort, such as flags, cannons, and swords, are the primary sources of data. Other historical facts have been compiled from legends, narratives and oral histories related to the historical and cultural aspects of the fort. The analysis of these facts, reveals that the establishment and construction of Hastapur Fort took place in the Limbuwan period, about ninety years ago. During the Limbuan period, it was founded by that the people who were involved in traditional ancestral and nature-worshipping religion and culture. They were running the state in accordance to the customary laws and rituals. The sources obtained reveals that the first king was Thindolung Khoyahang and his descendants ruled from this fort for nearly*

*three hundred years and the king of Yonghang dynasty ruled for nearly three hundred and fifty years before the Limbuwan state was integrated into Nepal by the Gorkhas.*

***Keywords:*** Hastapurghadi, Yangwarakthum, Limbuwan, Pallokirat, Thindolung Khoyahang.

## लेखसार

*नेपालको सुदुर पूर्वोत्तर भागमा पर्ने पाँचथर जिल्लाको उत्तरी भागमा अवस्थित याङवरक र हिलिहाङ गाउँपालिकाको सिमानामा हस्तपुर गढी रहेको छ । लिम्बूवानकालको पूर्वार्धमा स्थापना भएको यो गढी ऐतिहासिक र पुरातात्विक दृष्टिले महत्त्वपूर्ण रहेको छ । अध्ययनको क्रममा यस गढीमा धेरै पुराना पुरातात्विक भौतिक अवशेषहरू पाइएका छन् । हालसम्म पनि यस्तो महत्त्व बोकेको यस गढीको ऐतिहासिक तथा पुरातात्विक विषयमा कुनै खोज तथा अनुसन्धान हुन सकेको छैन । उक्त पृष्ठभूमिमा यस गढीको कहिले र कसले स्थापना गर्यो ? यस गढीमा के कस्ता ऐतिहासिक र पुरातात्विक वस्तुहरू रहेका छन् ? यस गढीका के कस्ता साँस्कृतिक पक्षहरू रहेका छन् ? भन्ने अनुसन्धान प्रश्नको जवाफ प्राप्त गर्ने उद्देश्यले यो अध्ययन गरिएको हो । हस्तपुर गढीको ऐतिहासिक तथा साँस्कृतिक पक्षको उद्घाटन गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ । यो अध्ययन मुलतः अन्वेषणात्मक प्रकृतिको गुणात्मक र ऐतिहासिक अध्ययन भएकाले यसमा आवस्यक तत्थ्याङ्कहरू ऐतिहासिक स्रोतहरू प्रकाशित पुस्तक, वंशावली तथा दस्तावेजहरू र पुरातात्विक स्रोतहरू गढीको भौतिक अवशेषको अवोलोकनबाट सङ्कलन गरिएका छन् । गढीको भौतिक अवशेषको रूपमा रहेको दरबारको भग्नावशेष, गढीको वरिपरी रहेका पुराना ढुङ्गे पर्खाल, गढी परिसरमा छरिएर रहेका इँटाका टुक्राहरू, जिर्ण मन्दिरका संरचनाहरू तथा गढीसँग सम्बन्धित निशान झण्डा, तोप, तरवार जस्ता बस्तुहरूलाई पनि तत्थ्याङ्क सङ्कलनको आधार बनाइएको छ । कतिपय ऐतिहासिक तत्थ्यहरूको सङ्कलन गढीको इतिहास र साँस्कृतिक पक्षसँग सम्बन्धित किम्बदन्ती, आख्यान र मौखिक इतिहासबाट सङ्कलन गरिएका छन् । यी तथ्यहरूलाई ब्याख्या विश्लेषण गरेर हेर्दा हस्तपुर गढीको स्थापना र निर्माण आजभन्दा करिब नौसय वर्ष पूर्व नै लिम्बूवानकालमा भएको तत्थ्य उजागर हुन आएको छ । लिम्बूवान कालमा यस भेगका मानिसहरू आफ्नै परम्परागत पितृ तथा प्रकृतिपूजक धर्म-संस्कृतिमा रहेका र लिम्बू जातिको संस्कार (प्रथाजनित कानुन) अनुसार राज्य संचालनमा रहेको पाइएको छ । अध्ययनमा प्राप्त स्रोतहरूबाट लिम्बूवान राज्य गोर्खालीहरूद्वारा नेपालमा एकीकरण गर्नुपूर्व यस गढीमा प्रथम राजा थिन्दोलुङ खोयाहाङ र उनका सन्ततिहरूले झण्डै तीनसय वर्षसम्म र योङहाङ वंशी राजाहरूले लगभग साढे तीनसय वर्षसम्म शासन गरेको तत्थ्य समेत प्रकाशमा आएको छ ।*

**शब्दकुञ्जी :-** हस्तपुरगढी, याङवरक थुम, लिम्बूवान, पल्लो किरात, थिन्दोलुङ खोयाहाङ ।

## विषयको परिचय

इतिहासको अध्ययन गर्दा आधुनिक नेपालको निर्माण हुनुपूर्व यहाँ बाउन्नवटा स-साना राज्यहरू रहेका थिए । पश्चिम नेपाल तर्फ कर्णाली प्रदेशमा बाइसवटा बाईसी राज्य र गण्डकी प्रदेशमा चौविसवटा चौबिसी राज्यहरू कायम थिए । काठमाण्डौ उपत्यकामा कान्तिपुर, ललितपुर र भक्तपुर तीन राज्यहरू थिए । यस्तै उपत्यकामा पूर्वमा मुख्यगरी मकवानपुर, चौदण्डी र विजयपुर  राज्यहरू रहेका थिए । काठमाण्डौ पूर्वका

भागलाई प्राचीन कालदेखि नै किरात प्रदेश भनिन्थ्यो । किरात प्रदेश पनि वल्लो किरात, माझ किरात तथा पल्लो किरातमा विभाजित थियो ।

नेपालको काठमाडौं उपत्यकामा प्राचीन कालमा किरातीहरूले शासन गरेको देखिन्छ । गोपालराज वंशावलीमा विभिन्न बत्तीसजना किरात राजाहरूले एकहजार नौसय त्रिसट्ठी वर्ष नौ महिना नेपालमा शासन गरेको देखिन्छ (वज्राचार्य र मल्ल, १९८५, पृ. ७३-७४) । किरातवंशी राजालाई हटाई लिच्छवी वंशका राजाहरूले काठमाण्डौ उपत्यकामा शासन शुरु गरेपछि अन्तिम किराती राजा येक्नेहाङले आफ्नो कुल कविला सहित उपत्यकादेखि पूर्वतर्फ गई बनेपामा राज्य स्थापना गरी केही समय त्यहाँ राज्य गरे (मावोहाङ र ढुङ्गेल, वि.स. २०११, पृ.७७) । राजा येक्नेहाङको मृत्यूपछि उनका छोरा जेठा लिलिमहाङले बनेपा राज्य आफ्ना भाई खाम्सोसोहाङलाई छोडी अरुण पूर्वको पल्लो किरात राज्यमा गई सुसुवादेनमा राजधानी बनाई शासन चलाई बसेको देखिन्छ (मावोहाङ र ढुङ्गेल, वि.सं. २०११, पृ.७९-८०) ।

यसपछि पल्लो किरात प्रदेशमा बस्ने किराती जातिलाई लिम्बू र उनीहरू बसोबास गरेको प्रदेशलाई लिम्वूवान नामाकरण गरियो । लिम्बूहरूले आफ्नो पहिचान याक्थुङहाङ लिलिमहाङका सन्तान भएको गोर्खाली खष-पर्वतेहरूलाई वताएपछि उनीहरूले लिम्बू भन्न थाले (बराल र तिगेलाद्वारा उधृत, वि.सं. २०६४, पृ.२६) । किरात इतिहासकार इमानसिंह चेम्जोङका अनुसार लिम्वूवान नाम 'लि' (धनु) को सहायताले ताइश्यानवंशी दश चिनीया सरदारहरूले यहाँका रैथाने आठ राजाहरूलाई ईस्वीको सातौ शताव्दीतिर युद्धमा जिती नामाकरण गरेका हुन (चेम्जोङ, वि.सं. २००५, पृ. १९) । यीनै दश सरदारहरूले लिम्वूवानलाई दश प्रान्तमा बाँडी शासन संचालन गर्ने क्रममा दशवटा गढी निर्माण गरेका थिए । यस्तै गढीहरूमध्ये तत्कालिन याङवरक थुमको हस्तपुर गढी लिम्बूवानकालिन एक गढी र त्यस क्षेत्रको मुख्य प्रसाशनिक केन्द्र रहेको देखिन्छ ।

हस्तपुर गढी तत्कालिन याङवरक थुमको राजाहरूको राजदरबार हो । यस गढीलाई लिम्वू भाषामा 'हाङयकपुङ' भनिन्थ्यो । हाङयकपुङको अर्थ राजा वस्ने स्थान गढी वा दरवार हो । 'हाङयकपुङ' शव्द नै अप्रभंस भई हस्तपुर वनेको भनाई छ । यस गढीलाई कतैकतै 'हक्सियक' पनि भनिएको छ (माबोहाङ र लावती, २०७८, पृ. १०६) । यो गढी पाँचथर जिल्लाको हिलिहाङ र याङवरक गाउपालिकाको सिमानामा पर्दछ । यो गढी समुन्द्र सतहबाट करिव १५०० सय मिटरको उचाईमा रहेको छ (इङनाम, वि.सं. २०७५, पृ. १४५) । यस गढीले ओगटेको पुरानो दरबार क्षेत्र करिव १२-१३ सय रोपनी क्षेत्रफलमा फैलिएर रहेको थियो (योङ्हाङ, वि.सं. २०७३, पृ.३०) । त्यसबेलाको याङवरक थुम (राज्य) को सिमाना उत्तरमा कञ्चनजंघा हिमाल, दक्षिणमा हेङ्वा खोला, पुर्वमा फालेलुङ सन्दापु र पश्चिममा तमोर नदी र नाफेल्याङ रहेको थियो । (मेन्याङ्वो र अरु सम्पादक मण्डल, वि.सं. २०५९, पृ.३३) ।

सामरिक सुरक्षाको दृष्टिले सेना वा अन्य छेकेबार तथा पर्खालहरूले घेरिएको शहर वा वस्तीहरू गढी हुन् । गढी निर्माणको आरम्भ प्रारम्भिक राज्यव्यवस्थाको सुरुआत सँगसँगै उत्पन्न भएको राज्यको सुरक्षासँग जोडिएको छ । किल्ला, दुर्ग, शिविर, कोट, र ब्यूह जस्ता शब्दहरू गढीलाई जनाउने समानार्थी शब्दहरू हुन् । किल्ला, गढ वा दुर्ग शब्दले सुरक्षित वासस्थान अथवा शहरको सुरक्षात्मक संरचनालाई इङ्गित गरेको हुन्छ (शर्मा, वि.सं.२०५५, पृ. १) । राज्यव्यवस्थाको प्रारम्भिक चरणमा जब मानिसहरूमा आत्मासुरक्षाको भावना पैदा भयो

तब सुरक्षाको महत्त्वपूर्ण साधनको रूपमा गढीलाई लिइयो । अत गढी वा किल्ला निर्माण गर्नुको मुख्य उद्देश्य राज्यका शासक र नागरिकको सुरक्षा गर्दै राज्यलाई सुचारू र सुरक्षित रूपले संचालन गर्नु रहेको देखिन्छ ।

किल्ला निर्माणको प्राचीन इतिहासको सन्दर्भमा प्रचीन सभ्यताहरू जस्तो नाइल नदीको सभ्यता, सिन्धुघाँटीको सभ्यता, तथा ग्रीक र रोमको सभ्यतासम्म पुग्न सकिन्छ । संसारका यी सभ्यताहरूमा त्यसबेला सम्पूर्ण नगरक्षेत्रलाई नै किल्लाबन्दी गरी नगर बसाउने परम्परा थियो (शर्मा, वि.सं. २०५५, पृ. ३) । प्राचीन भारतमा कौसम्भी, सर्भास्ती, राजगृह, टाक्सिला आदिजस्ता शहरहरू किल्लाका रूपमा विकशित थिए भन्ने कुरा त्यहाँको पुरातात्त्विक उत्खननबाट प्रमाणित भएका छन् । मुगलकालमा भारतमा अझ धेरै किल्लाहरू निर्माण भए । राजा अकबरले आग्रा शहरलाई एक कलात्मक किल्लाको रूपमा निर्माण गरेको पाईन्छ । नेपालको इतिहासमा गोपाल, महिषपाल र किरातवंशका राजाहरूको शासन कालमा के कस्ता किल्ला तथा राजदरवारहरूको निर्माण भएको थियो भन्ने विषयमा कुनै स्पष्ट जानकारी पाउन सकिदैन । लिच्छविकालमा मानगृह, कैलासकुट तथा भद्रनिवास जस्ता दरबारहरू बनेका उल्लेख भएतापनि ती दरवारहरू कस्ता थिए र कहाँ बनाईएका थिए हालसम्म खोजकै विषय रहेको छ । तर लिच्छविकालमा कुनै बस्तीलाई नगरको संज्ञा नदिएर जम्मै वस्ती लगायत राजदरवार भएको समृद्ध बस्ती समेतलाई पनि ग्राम नै भनिन्थ्यो (श्रेष्ठ, वि.सं.२०५८, पृ. १) । यस्ता ग्रामहरू पनि किल्लाको अवधारणा अनुरूप निर्मित र विकशित थिए । त्यसबेला कान्तिपुर भेगको प्रदेश ‘कोलिग्राम’, ललितपुर भेगको प्रदेश ‘युपग्राम’ र भक्तपुर भेगको प्रदेश ‘खोपृङग्राम’ नामले प्रसिद्ध थियो (श्रेष्ठ, वि.सं.२०५८, पृ.२) । मध्यकालिन नेपालमा भने काठमाण्डौ उपत्यकाका मुख्य तीनराज्यहरू काठमाण्डौ, पाटन र भक्तपुरका दरबारहरू सुरक्षात्मक किल्ला वास्तुकलाको अनुपम उदाहरूणको रूपमा बनेको कुरा हालसम्म पनि देख्न सकिन्छ । यसै समयमा नेपालमा पश्चिमतर्फ बाईसी र चौबिसी राज्यहरू र पूर्वतर्फ सेन, डोय र किरात राज्यहरूको अस्तित्व रहेकाले यी राज्यहरू नै पिच्छे किल्लाहरूको निर्माण भएको देखिन्छ ।

विभिन्न प्राचीन ग्रन्थहरूमा विविध प्रकारका किल्लाहरूको वर्णन पाईन्छ । कौटिल्यको अर्थशाष्त्रमा चार किसिमका किल्लाहरूको वर्णन छ : १) औदक दुर्ग (पानीले घेरिएको दुर्ग), २) पार्वत दुर्ग (पर्वत र चट्टानमा बनेको दुर्ग), ३) धान्वन दुर्ग (मरुभूमीले घेरिएको दुर्ग) र ४) वन दुर्ग (जंगल वा झाडीले घेरिएको दुर्ग) । महाभारतमा छ प्रकारका किल्लाहरूको उल्लेख छ : १) धन्व दुर्ग (बालुवाले घेरिएको किल्ला), २) महि दुर्ग (समतल जमिनमा निर्मित किल्ला), ३) गिरी दुर्ग (पहाडको टुप्पोमा निर्मित किल्ला) ४) मनुष्य दुर्ग (फौजले घेरिएको किल्ला), ५) जल दुर्ग (पानीले घेरिएको किल्ला) र ६) बन दुर्ग (जंगलले घेरिएको किल्ला) । यस्तै मत्स्य पुराणमा पनि छ प्रकारका किल्लाहरूको उल्लेख छ : १) धनुष दुर्ग, २) मही दुर्ग, ३) नर दुर्ग, ४) बृक्ष दुर्ग, ५) जल दुर्ग र ६) गिरी दुर्ग (शर्मा, वि.सं.२०५५, पृ. ७-१३) ।

हस्तपुर गढी लिम्बूवान कालिन एक महत्त्वपूर्ण किल्ला हो । गढी वा किल्लाहरूको इतिहास र वास्तुकलाबारे हामीकहाँ त्यति धेरै अध्ययन हुन सकेको छैन । भएका सिमित अध्ययनहरू मध्ये नेपालका किल्लाहरूको विषयमा अध्ययन गरी डिल्लिराज शर्माले वि.सं. २०५५ मा ‘नेपालको किल्ला वास्तुकला’ शीर्षकमा एक कृति प्रकाशन गरेका छन् । त्यस्तै डा. बमबहादुर अधिकारीले वि.सं. २०७९ मा ‘नेपालका सामरिक किल्लाहरूको इतिहास’ नामक ग्रन्थ प्रकाशनमा ल्याएका छन् । यी अध्ययनहरूमा पनि हस्तपुर गढीको अध्ययनको विषय समाबेश हुन सकेको छैन । यो गढी कहिले र कसले स्थापना गरेको हो ? भन्ने प्रश्नको

हालसम्म स्पष्ट जवाफ प्राप्त हुन सकेको छैन । यस गढीमा के कस्ता ऐतिहासिक र पुरातात्त्विक वस्तुहरू रहेका छन् ? र यस गढीको साँस्कृतिक पक्षहरू के के हुन ? भन्नेवारे समेत हालसम्म कुनै खोजीनीति भएको छैन । अतः प्रस्तुत लेख मुलतः यस गढीको ऐतिहासिक तथा साँस्कृतिक पक्षको खोजीनीति गर्ने विषयमा केन्द्रित रहने छ । साथै यस गढीको वास्तुकला तथा यहाँ रहेका पुरातात्त्विक वस्तु एवं संरचनाहरूको बारेमा रहेका तत्थ्यहरूको प्रकाशन गर्न पनि यो शोध गर्न लागिएको छ ।

## शोध विधि

प्रस्तुत अनुसन्धान गुणात्मक अनुसन्धान विधिको प्रयोग गरी तयार गरिएको एक आलेख हो । अनुसन्धानको स्वरूपको दृष्टिले यो अध्ययन एक अन्वेषणात्मक प्रकृतिको गुणात्मक अनुसन्धान हो । विषयवस्तुका हिसावले यो एक ऐतिहासिक अध्ययन पनि हो । गुणात्मक तथा ऐतिहासिक अध्ययन भएकोले यसमा आवश्यक धेरैजसो तथ्याङ्कहरू द्वितीय स्रोत अन्तर्गत पूर्व प्रकाशित पुस्तक, पत्रिका, लेखबाट सङ्कलन गरिएको छ । गढीको भौगोलिक वस्तुस्थिति र पुरातात्त्विक विषयसँग सम्वन्धित प्राथमिक स्तरका तथ्याङ्कहरू यस क्षेत्रको स्थलगत अवलोकन र फाटोग्राफी विधिको प्रयोग गरी लिईएका छन् भने यसको ऐतिहासिक तथा साँस्कृतिक पक्षसँग सम्वन्धित कतिपय प्राथमिक स्तरका तथ्याङ्कहरू यस गढीसम्वन्धी जानकारहरूसँगको अन्तर्वार्ताबाट सङ्कलन गरिएका छन् ।

यस अध्ययनलाई विशेष गरेर हस्तपुर गढीको ऐतिहासिक तथा साँस्कृतिक पक्षको खोजीनीति गर्ने विषयमा सिमित गरिएको छ । यसको साथसाथै यस गढीमा रहेको भौतिक तथा पुरातात्त्विक संरचनाको अध्ययन अवलोकन गरी ती वस्तुहरूलाई प्रकाशमा ल्याउने पनि यस अध्ययनको अर्को कार्यसिमा रहेको छ । यस अध्ययनमा गढीसँग सम्बन्धित आर्थिक र प्रशासनिक विषयको खोजीनीति गरिएको छैन ।

यो अध्ययन कार्य प्राथमिक र द्वितीय स्रोतहरूबाट प्राप्त तत्थ्यहरूको समग्र रूपमा विश्लेषण र व्याख्या गरी सम्पन्न गरिएको छ । दुवै स्रोतहरूबाट प्राप्त तत्थ्यहरूलाई विषय र उद्देश्य अनुसारका शीर्षकहरूमा राखी वर्णनात्मक शैलीमा यो आलेख तयार गरिएको छ । द्वितीय स्रोतहरूबाट प्राप्त तत्थ्यहरूलाई प्राथमिक स्रोतहरूबाट प्राप्त तत्थ्यहरूसँग तुलना गरेर विषय वस्तुको सत्यता पत्ता लगाउने प्रयास गरिएको छ । साथै अन्य व्यक्तिहरूको विचारलाई सन्दर्भको रूपमा उपयोग गर्दा लेखकको विचारको भाव र आशय नष्ट नहुने गरी नियमानुसार उद्धरण गरिएको छ ।

यो अध्ययन एक ऐतिहासिक अध्ययन हो । यसमा अन्वेषण (Exploration) विधिलाई प्रयोग गरी गढीसँग सम्बन्धित पुरातात्त्विक वस्तुहरूको अध्ययन गरिएको छ । अन्वेषणको क्रममा गढी परिसरको जमिनको सतहमा पाइएका भौतिक अवशेष र द्वितीय स्रोतहरूबाट प्राप्त तत्थ्यहरूको तुलना र विश्लेषणको आधारमा गढीको ऐतिहासिकताको निचोडमा पुग्नु धेरै चुनौतीपूर्ण विषय हो । यस गढीको इतिहासलाई वढी प्रमाणिक र यथार्थपरक वनाउन गढी क्षेत्रको उत्खनन (Excavation) गरी सोबाट प्राप्त अवशेषहरूको परीक्षण मार्फत गढी निर्माणको निरपेक्ष तिथीमिति निर्धारण गर्नु पर्ने हुन्छ । यस अध्ययनमा समय र स्रोतसाधनको अभावको कारण त्यसो गर्न नसकिएकाले अध्ययमा प्राप्त हुने निश्कर्षमा केही तलमाथि हुने भएकाले यसलाई अध्ययनको परिणाममा देखापर्ने सीमाको रूपमा लिईएको छ ।

## हस्तपुर गढीको ऐतिहासिक पक्षसँग सम्बन्धित तत्थ्यहरू

### क) लिम्वुवान राज्यको स्थापना र हस्तपुरका गढीका प्रथम राजा थिन्दोलुङ खोयाहाङ

नेपालको प्राचीन इतिहास अनुसार त्यसवेला काठमाण्डौ उपत्यका पूर्व तर्फको भागलाई किरात प्रदेशको नामले चिनिन्थ्यो । नेपाल खाल्डोमा किरातहरूले शासन गरिरहेको समय वि.सं. १६९ (ई.सं.११०) तिर लिच्छविहरूले काठमाण्डौ उपत्यकामा आक्रमण गरी किरात राजा गस्तीलाई धपाएर (सँग्रौला, वि.सं. २०७७, पृ. ५९) । पृथ्वी नारायण शाहले नेपाल एकीकरण गरेपछि किरात प्रदेशलाई तीन भागमा विभाजित गरियो । साँगा भञ्ज्याङ पूर्व, लिखुखोला पश्चिमको भू-भागलाई वल्लो किरात, लिखू खोला पूर्व अरुण खोला पश्चिमको भू-भागलाई माझ किरात र अरुण खोला पूर्व मेची खोला पश्चिमको भू-भागलाई पल्लो किरात भनिन्थ्यो (वराल र लिम्बू , वि.सं.२०६४,पृ.३३) ।

पल्लो किरात प्रदेशलाई प्राचीन समयदेखि लिम्वूवान प्रदेश भानिन्थ्यो । लिम्वू जाति अस्तित्वमा आई लिम्बूवान प्रदेश निर्माण हुनु पूर्व समग्र लिम्वूवान देशलाई 'फेदाप' भनिन्थ्यो (चेम्जोङ, वि.सं. २००५, पृ.१८) । प्राचीन कालमा फेदाप देशमा आठ राजाहरू (लिम्वू भाषामा सावा येतहाङ) ले शासन गरिरहेको समयमा ताइश्यान वंशी दश चिनीया सरदारहरू भाइभारदार, आफन्त र कुलकविला सहित ईसाको छैटौ शताव्दीतिर फेदाप देशमा प्रवेश गरी आठ राजाहरूसँग अनुमति लिई त्यस क्षेत्रमा वसोवास गर्न थाले । पछि यी ताइस्यानवंशी चिनीयाहरूको जनसंख्या धेरै वढे पछि आठराजाहरूले यिनीहरूबाट आफूहरू र आफ्नो राज्यलाई खतरा हुने बुझी कठोर कानुन बनाई नियन्त्रण गर्न खोजेपछि दश सरदार र आठराजाहरूवीच वेमेल उत्पन्न भई युद्ध भयो । दश सरदारहरू युद्धमा धनुवाँण चलाउन ज्यादै निपूर्ण भएकाले आठराजाहरूलाई युद्धमा हराए । युद्धमा जितेपछि त्यस देशलाई दश भागमा दश सरदारहरूले वाँडी शासन व्यवस्था चलाए (चेम्जोङ, वि.सं. २००५,पृ.१९) । त्यसपछि 'लि' (धनु) को सहायताले जितेको देश भएकाले देशको नाम 'लिम्बूवान' र 'लि' (धनु) चलाउने धनुर्धारी भएकाले आफुलाई नँया जाति 'लिम्बू' नामाकरण गरे । यसरी इश्वीको सातौ शताव्दी तिर लिम्वूवान राज्यको स्थापना भएको अनुमान छ (श्रेष्ठ, वि.सं. २०५२, पृ.३३) ।

लिम्वूवान राज्य स्थापना भएपछि दश भाग (प्रान्त) मा दश राजाहरूले दशवटा गढीहरू स्थापना गरी त्यहाँबाट लिम्बूवान भूमिमा शासन गरे । त्यसबेला निर्मित गढीहरूमा :- (१) तमोरखोला ईलाकामा साम्लुप्ली साम्वाहाङले तमोर यक (गढी) वनाए (२) फेदाप ईलाकामा सेसेक्कुम शत्रेनुहाङले पोक्लाबाङ गढी बनाए (३) आठराई ईलाकामा आकलुफहाङले पोमाजङ गढी वनाए (४) याङवरक ईलाकामा थिन्दोलुङ खोयाहङले हस्तपुर गढी वनाए (५) मेवाखोला ईलाकामा सिसियेङ सेरेङहाङले मेरिङ्देन गढी वनाए (८) चौविस ईलाकामा सोइयाक हाङले कुर्लेयक वनाए (९) ईलाम ईलाकामा इमेहाङले आङदाङयक वनाए र (१०) दश मझिया पाँचखपन (संखुवासभा) ईलाकामा इङहाङले चेनयुङलक वनाए (श्रेष्ठ, वि.सं. २०५२, पृ.३३) । यसबाट हस्तपुर गढीको स्थापना ईसाको सातौं शताब्दीतिर लिम्वूवान कालको आरम्भ मै भएको र यस गढीका प्रथम राजा थिन्दोलुङ खोयहाङ थिए भन्ने कुराको जानकारी पाईन्छ ।

हस्तपुर गढीको स्थापना राजा थिन्दोलुङ खोयाहाङले गरेको भन्ने स्रोतहरूबाट देखिन आएपनि ऐतिहासिक स्रोतको अभावमा सो दरवारको तत्कालिन वास्तुकला र त्यहाँ निर्मित संरचनाहरूको पूर्ण रूप के

कस्ता थिए भन्ने कुराको हालसम्म कुनै जानकारी प्राप्त हुन सकेको छैन । यस गढीबारे कुनै पुराना अभिलेख नपाईनु र यस सम्वन्धी पुराना सँग्रहित कागजपत्र (Archive Document) समेत हालसम्म प्राप्त नहुनुले गढीका संरचनाहरू निर्माण कुन कुन राजाको पालमा कहिलेदेखि कस्तो रूपमा भएको हो भन्ने तथ्य अझै खोजकै विषय रहेको छ। थिन्दोलुङ खोयाहाङका सन्तानहरूमध्ये मेन्याङ्वो थरी लिम्बूको वंशावली अनुसार उनी हस्तपुर गढीमा आजभन्दा अनुमानित नौसय वर्ष अगाडी राजा भएको देखिन्छ (मेन्याङवो, वि.सं.२०५९, पृ.३५)। यस गढीमा राजा हुनु पूर्व थिन्दोलुङ खोयाहाङ र उनका सन्ततिहरू याङवरक थुमकै चेनताक देन (च्याङथापु) मा वस्दथे । दशलिम्बूको शासन स्थापनापछि उनीहरूले हस्तपुरक गढी वनाई यसबाट वि.स.१२७२ तिर तत्कालिन याङवरक थुमको शासन गर्न सुरुआत गरेको पाईन्छ (मेन्याङवो, वि.सं. २०७५, पृ.१७) ।

## ख) खोयाहाङवंशी राजाहरू र योङहाङवंशी राजाहरूवीच युद्धपछि योङहाङवंशी राजाहरूको सत्तारोहण

हस्तपुर गढीको स्थापनापछि राजा थिन्दोलुङ खोयाहाङ र उनका उत्तराधिकारीहरूले आठ पुस्तासम्म त्यस गढीबाट शासन चलाएको देखिन्छ (मेन्याङवो, वि.सं.२०७५, पृ.१७) । राजा थिन्दोलुङ खोयाहाङपछि हस्तपुर गढीमा क्रमश : सिनुपहाङ, विधिलुङहाङ, इनालुङहाङ, मोमोहाङ, थाम्सुहाङ, देदेहाङ र मेमेहाङ राजा भएको उल्लेख छ (मेन्याङवो , वि.सं. २०७५, पृ.१७-१८) । त्यसपछि खोयाहाङ वंशी लिम्बू राजा र योङहाङ वंशी लिम्बू राजाबीच युद्ध भएर खोयाहाङ वंशी लिम्बू राजाको शासन हस्तपुर गढीमा समाप्त भई योङहाङ वंशका लिम्बू राजाहरूको शासन शुरुआत भएको देखिन्छ ।

थिन्दोलुङ खोयाहाङ वंशका आठौं पुस्ताका राजा मेमेहाङको पालामा योङहाङ वंश र खोयाहाङ वंशका राजाहरूवीच हस्तपुर गढीको राज्यसत्ता हत्याउन घमासान फौजी युद्ध भयो । त्यसवेला हस्तपुर गढीको खोयाहाङ वंशी राजाको राजकाजमा सहयोगीको रूपमा रहेका योङहाङहरूले तावा, केरुङ, काम्बाङ र जवेगु थरका लिम्वूहरूको सहयोग लिई यो आक्रमण गरेका थिए । यो घटना वि.सं. १४७७-१४८० तिर भएको अनुमान छ (मेन्याङवो, वि.सं.२०५९, पृ. ३५) । यस युद्धमा खोयाहाङ वंशी राजा मेमेहाङ (यी राजालाई कतै मुहाङकेप र कतै युहाङकेप भनी उल्लेख गरिएको छ) पराजित भएकाले हस्तपुर गढी योङहाङ वंशको राजाको हातमा पर्यो । राजा मुक्कुमहाङ योङहाङ र उनका पुर्खाहरू शुरुमा च्याङधुम्वो (हालको च्याङथापु) गढीमा राज्य गरी बस्दथे । खोयाहाङ वंशका राजा मेमेहाङलाई युद्धमा हराई वि.सं. १५११ तिर राजा मुक्कुमहाङ योङहाङले हस्तपुर गढी (हाङयकपुङ) मा आई शासन गरेको देखिन्छ (योङहाङ, वि.सं. २०६८, पृ.१०) । यसबाट सोह्रौ शताव्दीको शुरुतिर योङहाङ राजाले थिन्दोलुङ खोयाहाङ वंशी राजाबाट हस्तपुर गढी आफ्नो हातमा लिएको अनुमान गर्न सकिन्छ ।

## ग) गोर्खाली फौजको लिम्बूवानमाथि आक्रमण, लिम्बूवानको प्रतिरोध र गोर्खा लिम्बूवानवीच सन्धि

हस्तपुर गढीमा योङहाङ वंशी राजाहरूको अधिपत्य भएपछि अन्तिम राजा हिलिहाङसम्म विभिन्न आठजना राजाहरूले यस गढीबाट शासन गरेको देखिन्छ। ती राजाहरूले आफ्नो कार्यकालमा के कस्तो कामहरू गरे भन्ने विषय प्रमाणको अभाबमा धेरै कुरा प्रकाशमा आउन सकेको छैन । राजा हिलिहाङ अघि हस्तपुर गढीमा शासन गर्ने योङहाङ राजाहरूमा मुक्कुमहाङ, नामकितहाङ, स्वरूपहाङ, वसन्तहाङ, सुमाहाङ, पायोहाङ, मुगपहाङ थिए (योङहाङ, वि.सं.२०६८, पृ.२३-२५) । यी राजाहरूले झण्डै साढे तीनसय वर्ष हस्तपुर गढीमा शासन संचालन गरेको देखिन्छ। हिलिहाङ राजा हस्तपुर गढीका अन्तिम राजा थिए । उनको जन्म वि.सं.१७८३

मा भएको थियो । उनले वि.सं.१८१४ देखि वि.सं. १८४४ सम्म हस्तपुर गढीको राजा भई राजकाज गरेको देखिन्छ (योङहाङ, वि.सं.२०७३, पृ.३७) ।

राजा पृथ्वी नारायण शाहको गोर्खाली सेनाले पूर्व तर्फको लिम्वूवान प्रदेशमा एकीकरणको क्रममा धेरै चोटी आक्रमण गर्दा पनि सैनिक विजय प्राप्त गर्न सकेनन । चैनपुर तत्कालिन लिम्बूवान राज्यको प्रमुख प्रशासनिक अड्डा रहेको थियो । सर्वप्रथम गोर्खाली सेना र लिम्बूवानी सेनाबीच लिम्वूवान प्रदेशको चैनपुर इलाकाको अरुण नदी र सभाखोला दोभानमा वि.सं. १८३० सालमा भिषण युद्ध भयो । यस आक्रमणमा गोर्खाली सेना लिम्बूवानमाथि विजय प्राप्तगर्न विफल भए । यस युद्धमा गोर्खालीहरूको धेरैजसो सेना मारिए (चेम्जोङ, वि.सं.२०५९, पृ.९१) । त्यसपछि पृथ्वी नारायण शाहको सेनाले लिम्बूवानमाथि दोश्रो आक्रमण पनि चैनपुर मै गरे । यस युद्धमा पनि गोर्खाली सेनाको हार भयो । त्यसपछि गोर्खाली सेनाको कमाण्डर रघुराना र लिम्वूवानी सेनाको कमाण्डर काङसोरेबीच आमुन्ने सामुन्ने युद्ध गर्ने र जुन राज्यको सेनापतिले जित्छ सोही राज्यको जित भएको मानिने शर्त सहित वि.सं. १८३१ बैशाख २५ गते दुई देशका कमाण्डरबीच युद्धको आयोजना गरियो (योङहाङ, वि.सं.२०७२, पृ.४१) । दिनभर भएको यस युद्धमा अन्तत काङसोरेले रघुरानालाई तरवारले काटी मारेपछि त्यस लडाईमा पनि गोर्खा पक्षको हार भयो (माबोहङ र लावती, वि.सं.२०७८, पृ १२२) । यसपछि पुन गोर्खाली सेनाले तेस्रो पटक वि.सं. १८३१ मा चैनपुरमा आक्रमण गर्‍यो । यस युद्धमा सोला, पासो र धरापमा पारी लिम्बूवानी सेनाले धेरै गोर्खाली सेनालाई मरेकाले पुन लिम्वूवानी सेनाको युद्धमा जित भयो (चेम्जोङ, वि.सं.२०५९, पृ.९३) । यस युद्धमा लिम्वूवानी फौजलाई याङवरक थुमको हस्तपुर गढीको राजा हिलिहाङको पनि महत्त्वपूर्ण सहयोग रहेको थियो ।

गोर्खाली र लिम्बूवानी  फौजवीच पटक पटक युद्ध हुँदापनी सैनिक विजयबाट लिम्वुवान प्रदेशलाई जित्न नसक्ने महशुस गोर्खाली पक्षलाई भएपछि उनीहरूले कुटनीतिक तरिकाले लिम्बूवान राज्यलाई गोर्खा राज्यमा मिलाउनु पर्ने निष्कर्श निकाले । त्यसपछि लिम्बूवानका दश राजाहरूलाई फकाई फुल्याई कुटनैतिक तरिकाले गोर्खा राज्यमा मिलाउन गोर्खालीहरूले विभिन्न चालहरू रच्न थाले । फलस्वरूप वि.सं. १८३१ श्रावण २२ मा कुटनैतिक तरिकाले दुई राज्यवीच एक सन्धि (जसलाई नुनपानीको थिति पनि भनिन्छ) गरी लिम्वूवान राज्यलाई गोर्खा राज्यमा मिलाईयो । यो सन्धि विजयपुरमा भएको थियो । सन्धिमा सही गर्ने तत्कालिन दश लिम्वूवान राज्यका राजप्रतिनिधिहरू मध्ये फेदाप थुमका राजा सुनराय, चौबिस थुमका राजा कुमराय र आठराई थुमका राजा जङ्गराय थिए भने गोर्खा राज्यका राजप्रतिनिधी अभिमान सिंह, पार्थ भण्डारी, किर्तसिंह खवास र वली वानिया थिए (चेम्जोङ, वि.सं.२०५९, पृ.९४-९५) ।

गोर्खाली र लिम्बूवान वीच सम्पन्न भएको वि.सं. १८३१ श्रावण २२ गते सन्धिपछि गोर्खाली राजाले लिम्बूराजाहरूलाई उक्त सन्धिमा भएको शर्तहरू खुलाई ताम्रापत्रको लालमोहर प्रदान गरे । यस लालमोहरमा गोर्खा राजाले यसअघि लिम्बूवानी राजाहरूले खाईपाई आएको खायनपायन र उनीहरूले चलन गरेको रीतिथितिमा गोर्खाली राजा र उनका सन्तान दरसन्तान राजाहरूले मास्न र आक्रमण गर्न नपाउने, गोर्खा राजा र लिम्बूहरूबीच कुल दाजुभाईको सम्बन्ध रहने तथा दुवै पक्षले एक आपसमा सहयोग गर्ने शर्तहरू रहेका छन् । साथै यो सन्धिमा गोर्खाली पक्षले सन्धिको बर्खिलाप गरे मानीपूजी ल्याएको देवताले आफ्नो राजकाज भङ्ग गरोस भनी गोर्खाली राजाको तर्फबाट प्रतिज्ञा पनि गरिएको छ (इङनाम, वि.सं.२०७८, पृ.२७६-२७७) । तर यो

सन्धिलाई लिम्बूवानका त्यसबेलाका दशथुमका दश राजाहरू मध्ये याङवरक थुमका राजा हिलिहाङ लगायत पाँचथुमका राजाहरूले स्वीकार गरेनन्। याङवरक थुमका राजा हिल्लिहाङले गोर्खा सेना विरुद्ध छथर थुमका राजा सुनुहाङ राय, चारखोल थुमका राजा आशदेव राय तथा चैनपुर थुमका राजा जसमुखी रायसँग लागेर सैनिक संगठन गरे। उनले यस सैनिक संगठन मार्फल वि.सं. १८३२ देखि वि.सं. १८४२ सम्म गोर्खा सेना समक्ष पटक पटक लडाई लडे (योङहाङ, वि.सं.२०६८, पृ.३०)।

राजा हिलाहाङको सिक्किम देशसँग राजकीय सम्वन्धको कारण उनले सिक्किमसँग मिलेर लिम्बूवान राज्यको रक्षार्थ धेरै पटक गोर्खा सैनिक विरुद्ध प्रतिरोध गरेका थिए। उनकी फूपू थुङवामुक्मालाई तत्कालिन सिक्किमका राजा नामाग्यलालले विवाह गरेका थिए (योङहाङ, वि.सं.२०७३, पृ.२३)। यसबाट गोर्खाली सेना विरुद्ध युद्ध गर्न राजा हिलिहाङले सिक्किमबाट सैनिक सहयोग पाउथे। जसका कारण सिक्किमको मदत लिएर उनले वि.सं. १८३६ र १८४४ मा भएको गोर्खा सिक्किम युद्धमा सिक्किमी सेनालाई सहयोग गरेका थिए (माबोहङ र लावती, वि.सं. २०७८, पृ १४१)। यसरी गोर्खाली सेना विरुद्ध लड्ने क्रममा सिक्किम गोर्खा युद्धमा सिक्किममा वि.सं. १८४४ मा उनको मृत्यु भयो। उनको मृत्यु भएपछि मात्र याङवरक थुम र हस्तपुर गढी नेपाल राज्यमा समावेश हुन आएको देखिन्छ।

## हस्तपुर गढीको वास्तुकला र पुरातात्त्विक पक्षसँग सम्बन्धित तत्थ्यहरू :

वास्तुकला र पुरातत्वबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। वास्तुकलाले कुनैपनि भवनको भौतिक संरचना निर्माण गर्ने शिल्प वा सीपलाई जनाउँछ भने पुरातत्वले प्राचीन समयमा निर्माण भएका र मानवले उपयोग गरेका वस्तुहरूको अध्ययन गरी मानवको इतिहास र विगतको सँस्कृतिको पुष्टि गर्दछ। किल्ला वास्तुकला कस्तो हुनुपर्छ भन्नेबारेमा महाभारत, कौटिल्यको अर्थशाष्त्र र मनुस्मृतिजस्ता प्राचीन ग्रन्थहरूमा करिव समान धारणा रहेको पाईन्छ। जसअनुसार किल्लाको वरिपरि सुरक्षाको लागि खाई (खाल्टा) रहनु पर्ने, किल्लालाई चारैतिर पर्खालले घेर्नुपर्ने, पर्खालले घेरिएको किल्लाको ठाउँठाउँमा प्रवेशद्वार राख्नुपर्ने, राजदरवार किल्लाको बीचभागमा निर्माण गर्नुपर्ने, यस्ता भवनहरूमा बाहिरको अवस्था अवोलोकन गर्न ठाउँठाउँमा बुर्जाहरू राख्नुपर्ने र दुर्गभित्र मन्त्री, सिपाही, पुरोहित, चिकित्सक तथा शिल्पीहरू बस्ने अलग अलग बासस्थानको निर्माण गर्नुपर्ने कुराहरू रहेका छन्। यस्तै मनुष्मृतिमा मनुले दुर्गलाई शष्त्रधन, धनधान्य, बाहन, ब्राह्मण, शिल्पी, यन्त्र, तृण तथा जलबाट सम्पन्न राख्नुपर्ने उल्लेख गरेका छन् (शर्मा, वि.सं.२०५५, पृ. ११)।

हस्तपुरगढीको बास्तुकलाको अध्ययन गर्दा उपर्युक्त किल्ला बास्तुकलाको लक्षण अनुसार नै यो गढी निर्माण भएको देखिन्छ। यो गढी गिरी दुर्गको रूपमा अग्लो पहाडमाथि रहेको छ। गढीको सवैभन्दा माथि टुप्पोमा यूमामाङ (लिम्वूहरूको प्रमुख इष्टदेवी) को थान रहेको छ। यूमामाङको थानमा साधा सिलाहरू ठड्याईएका छन्। केही त्रिशुलहरू गाडिएका र घण्टीहरू झुण्ड्याईएका छन्। सोभन्दा केही तल सम्मपरेको स्थानमा हस्तपुर दरवारको भग्नावशेषको रूपमा माटोको सतहभन्दा १ फीट अग्लो ईटाको जग रहेको छ। दरबारको यो भग्नावशेषको वरिपरी पुराना ईटाहरूको टुक्राहरूका थुप्राहरू छन्। दरवार क्षेत्रको वरीपरी करिव ८-१० रोपनीको क्षेत्र ४-५ फिट अग्लो ढुङ्गे पर्खालले घेरिएको छ। उक्त पर्खालको ठाँउठाँउमा फौजिहरू पहरा वस्नको लागि केही चोसो वाहिर निकालेर सेन्ट्री पोष्टहरू वनाइएका छन्। यी पर्खालहरू अधिकांश पुराना र जिर्ण छन्।

दरवारबाट निस्कने मूल गेटकै दायाँ पट्टि लिम्वूहरूको इष्टदेव थेवामाङको थपनाको भग्नावशेष रहेको छ । दरवारको जग करिव १० मिटर चौडा र १५ मिटर लामो रहेको छ । थेबामाङको थपनाभन्दा १५-२० मिटर वाहिरपट्टी आउदा दाँया तर्फ दरवारको पुजारी वस्ने ३-४ जना मानिस वस्न हुने एक ढुङ्गे गुफा रहेको छ । दरवारको वाहिरपट्टि केही तलसम्म परेको जग्गा रहेको छ जहाँ राजसभा संचालन गरिन्थ्यो भन्ने भनाई रहेको छ (अमृत योङहाङसँगको अन्तर्वाता अनुसार) । दरवारको वाहिरी भागमा रहेका अन्य संरचनाहरूमा दरवारको दक्षिण पश्चिम तर्फ सेनाहरू परेड खेल्ने चौर, दक्षिण पुर्व तर्फ फौजहरूले पानी खाने कुवा (तिलिङ्गा च्वा) र गढीको वरिपरि सिपाहीहरूले पहरा गर्न बनाईएको चक्रपथ रहेका छन् । यसको अतिरिक्त यस गढीसँग सम्बन्धित अन्य ऐतिहासिक तथा पुरातात्त्विक वस्तुहरूमा राजा हिल्लिहाङकालिन तोपहरू, बन्दुकहरू, तरवार तथा शक्तिको प्रतिक निसान झण्डा समेत रहेका छन् (इङनाम, वि.सं.२०७५, पृ. १४६-१४७) ।

हस्तपुर गढीमा उल्लेखित ऐतिहासिक तथा पुरातात्त्विक संरचना कसले र कहिले निर्माण गरे भन्ने कुरा प्रमाणहरूको अभावका कारण हालसम्म यकिन रूपमा भन्न सकिने अवस्था छैन । यस गढीमा खोयाहाङ र योङहाङवंशी विभिन्न राजाहरूले विभिन्न समयमा राजकाज संचालन गरेकाले यी संरचनाहरू ती विभिन्न राजाहरूको समयमा क्रमिक रूपमा निर्माण हुँदै आएको हो भन्ने कुरा अनुमान गर्न सकिन्छ । प्राप्त अवशेषहरूको आधारमा विश्लेषण गर्दा यो गढीको निर्माण सुरक्षा बास्तुकला अनुरूप नै भएको देखिन्छ । यस गढीको दरवारको भग्नावशेष आसपासमा रहेको इँटाका टुक्राहरूको अध्ययनबाट सो दरवार इँटा, काठ र माटोको प्रयोग गरी बनेको देखिन्छ । इँटा वनाउने प्रविधि चीनको तिव्वतबाट भित्र्याई यो विकशित दरवार राजा हिलिहाङले वनाएको भन्ने भनाई रहेको छ (योङहाङ, वि.सं.२०७३, पृ.३२) । गढी आसपास क्षेत्रका बासिन्दा भीम योङहाङको मत पनि इँटाको प्रयोग गरी यस किसिमको आधुनिक दरवार राजा हिलिहाङ कै पालामा निर्माण भएको हो भन्ने रहेको छ (योङहाङ, भीमसँगको अन्तर्वाता अनुसार) ।

## हस्तपुर गढीको साँस्कृतिक पक्षसँग सम्बन्धित तत्थ्यहरू

लिम्बूवान राज्य तत्कालिन गोर्खा राज्यमा वि.सं. १८३१ मा एकिकरण हुनुपूर्व यस क्षेत्रमा लिम्बू जाति बाहेक अन्य जातजातिहरूको खासै बसोबास नभएकोले त्यसबेला हिन्दू धर्म र बैदिक संस्कृतिको यस क्षेत्रमा प्रभाव रहेको पाइन्न । हस्तपुर गढीको लिम्बूवानकालिन अभिलेख र अन्य ऐतिहासिक स्रोतको अभावमा त्यस बेलाको धार्मिक तथा साँस्कृतिक पक्षको बारेमा स्पष्ट जानकारी मिल्दैन । यद्यपि गढी परिसरभित्र रहेका युमा तथा थेवा साम्माङ (देव) हरूका थपनाहरूका भग्नावशेषहरूले त्यसबेला लिम्बूवान क्षेत्रमा मानिसहरूले युमा तथा थेबा साम्माङलाई ईष्ट देवीदेवताको रूपमा पूजा गर्दथे भन्ने कुरा पुष्टि हुन आउँछ । लिम्बूजाति मूर्तिपूजक नभई पितृ र प्रकृतिपूजक जाति भएकोले त्यसबेला उनीहरूले प्रकृतिलाई सर्वश्रेष्ठ देवता मानी अगाध श्रद्धापूर्वक प्रकृतिमा रहेका विभिन्न बस्तुहरूको पूजा आराधना गर्ने संस्कार र संस्कृतिको विकास गरेका थिए जुन चलन लिम्बू समुदायमा अद्यावधि छँदैछ ।

लिम्बू जातिको संस्कार (प्रथाजनित कानुन) अनुसार लिम्बूवान कालमा राज्यको शाषन संचालनमा हाङचुम्लुङ (राजसभा), तुम्याहाङ (पंच-भलादमी), पासिङ पादाङ (सदस्यहरू), थक्सुवा ( सिपाही), थक्पेवा (सर्दार) र थक्तुम्बा (मुल सर्दार) हरू रहन्थे (माबोहाङ र लावती, वि.सं.२०७८, पृ. ७०) । दश लिम्बूको राजनीतिक थिति

अनुसार किल्ला तथा देशको रक्षाको लागि प्रत्येक युवाले बाह्र वर्षको उमेर पुगेपछि अनिवार्य रूपामा धनुर्विद्या प्राप्त गर्नुपर्ने, प्रत्येक घरका एक यूवाले अठार वर्षको उमेर पुगेपछि थक्सुवा ( सिपाही) मा भर्ति हुनुपर्ने , तीनसय जना थक्सुवाको नेतृत्व गर्न एक थक्पेवा (सर्दार) को नियुक्ति हुने र पाँच थक्पेवाहरू भएमा उनीहरूको नेतृत्व गर्न एक थक्तुम्बा (मुल सर्दार) को नियुक्ति हुने ब्यवस्था थियो (चेम्जोङ, वि.सं. २०६३, पृ.५०) । लिम्बूवान कालमा त्यसै अनुरूप यस गढीको सुरक्षा, हेरचाह र संचालन भएको अनुमान गर्न सकिन्छ । यसबाट लिम्बू जातिले पहिलादेखि नै राजकाज संचालनको अभ्यास गरेको र सेनामा भर्ति हुने संस्कारको समेत उनीहरूमा विकास भएको देखिन्छ । हालसम्म पनि यो जातिका युवाहरू लेखपढ र अन्य ब्यवसायमा भन्दा विभिन्न देशका सेनामा भर्ति भई लाहुरे बन्न बढी लालायित हुने संस्कार रहेकोले यो संस्कार परम्परादेखि नै चली आएको हो भन्ने कुरालाई यसले थप पुष्टि गर्दछ ।

हस्तपुर गढी र सो गढीको प्रशासनिक इकाई तत्कालिन याङवरक थुम नेपाल राज्यमा एकिकरण वि.सं. १८४४ मा भएपछि भने विस्तारै नेपालको केन्द्रीय शासनको प्रभाव स्वरूप यस क्षेत्रमा हिन्दू धर्म तथा अन्य धर्म संस्कृतिको फैलावट भएको पाइन्छ । शुरुमा राज्यको दूत, प्रशासनिक कर्मचारी र सैनिकको रूपमा ब्रम्हाण, क्षेत्री, मगर, गुरुङ, तामाङ आदि जस्ता जातजातिहरूलाई विभिन्न जागिर र विर्ता दिएर लिम्बूवान क्षेत्रमा पठाइयो । राज्यले यस क्षेत्रमा बसाई सर्न प्रोत्साहन गरेकोले विस्तारै विस्तारै अन्य जातिहरू पनि लिम्बूवानमा बसाई सरी आए । फलस्वरूप यस क्षेत्रका लिम्बूहरू पनि नवआगन्तुक जातिको संस्कार र संस्कृतिको सम्पर्कमा आए । अर्कोतर्फ राज्यबाटै विशेषत रणबहादुर शाह र उनको शासनकालपछि विभिन्न राजाहरूले लिम्बूहरूका नाममा विभिन्न लालमोहर, सनद र इस्तिहार जारी गरी हिन्दू धर्म र संस्कार अपनाउन, दशै लगायतका चाडपर्व मनाउन र यसो नगर्नेलाई दण्डित गर्ने ब्यवस्था समेत गरेकोले लिम्बूहरू कतिपय हिन्दू धर्म संस्कृति अपनाउन बाध्य भए । राजा रणबहादुर शाहले वि.सं. १८४३ जेष्ठ २ गते र वि.सं. १८४९ श्रावण ३ गते लिम्बूहरूका नाममा गौबध नगर्नु भनी जारी गरेको लालमोहर ( इङनाम, वि.सं. २०७८, पृ. ४९ र ५९), र वि.सं. १९०० मा जारी नीति (मुन्धुम) र समृति (हिन्दू धर्म) मान्ने लिम्बूहरू मध्ये नीति मान्ने लिम्बूहरूलाई आफ्नो धर्म मान्न निरुत्साहित गरेको लालमोहर (इङनाम, वि.सं. २०७८, पृ. ५४९) यसका प्रतिनिधि उदाहरण हुन । यसैको प्रभाव स्वरूप याङवरक थुम र हस्तपुर गढी नेपाल राज्यमा एकीकरण भएपछि यस गढीमा बडा दशै र चैते दशैमा राँगा, बोका, हाँस, कुखुरा तथा परेवा जस्ता जीवजन्तुहरूको भोगबली दिएर निशान पूजा गर्ने संस्कार-संस्कृतिको विकास भएको देखिन्छ । हालसम्म पनि यस गढीमा योङहाङ लिम्बूहरूले यस किसिमको पुजाआज गर्ने प्रचलनलाई निरन्तरता दिई राखेका छन् (योङहाङ मीनबहादुरसँगको अन्तर्वार्ता अनुसार) ।

## अनुसन्धानको निष्कर्ष

गढी वा किल्ला निर्माणको आरम्भ प्रारम्भिक राज्यव्यवस्थाको स्थापना सँगसँगै भएको हो । त्यसबेला गढी निर्माणको विषय राज्यको शासक र नागरिकहरूको सुरक्षासँग जोडिएको थियो । नेपालको पूर्वी भाग पल्लो किरातमा ईसाको सातौ शताव्दी तिर स्थापना भएको लिम्बूवान राज्यमा राजकाज संचालन गर्ने क्रममा तत्कालिन दश लिम्वू राजाहरूले दश थुममा राज्यलाई विभाजन गरे । यीनै दश थुममध्ये एक याङवरक थुमका प्रथम राजा थिन्दोलुङ खोयाहाङको पालामा हस्तपुर गढीको स्थापना भएको देखिन्छ । तर यस अध्यायनमा संकलित स्रोतहरूबाट प्राप्त तत्थ्यहरूको आधारमा यस गढीबाट खोयाहाङवंशी राजाहरूले राजकाज संचालनको

शुरुआत ईसाको  सातौ शताब्दीमा नभएर ईसाको वाह्रौ शताव्दीको उत्तरार्ध तिरबाट मात्र गरेको देखिएकोले यस सम्बन्धमा अझै थप खोज अनुसन्धान हुनुपर्ने देखिन्छ ।

यो गढी करिव नौसय वर्ष पुरानो हुनसक्ने अनुमान गर्न सकिन्छ । यस गढीमा थिन्दोलुङ खोयाहाङ राजा र उनका उत्तराधिकारीहरूले करिव तीनसय वर्षसम्म शासन गरेपछि ईसाको पन्ध्रौ शताव्दीको अन्त्यतिर यस गढीमा योङहाङ वंशका राजाहरूले शासन गर्न थालेको प्रतित हुन्छ । हस्तपुर गढीका योङहाङ राजा र उनका उत्तराधिकारीहरूले यस गढीमा करिब साढे तीनसय वर्षसम्म शासन चलाएको अनुमान छ । यो वंशका अन्तिम राजा हिलिहाङले वि.सं. १८३१ मा गोर्खाका राजा पृथ्वी नारायण शाहले एक सम्झौतौद्धारा लिम्वूवान राज्यलाई नेपाल राज्यमा गाभेको कदमको विरोध गर्दै गोर्खा फौज विरुद्ध वि.सं. १८४४ सम्म लडाई जारी राखेका थिए । गोर्खा फौजको विरुद्धको युद्धमा वि.सं. १८४४ मा उनको मृत्यु भएपछि याङवरक थुम र हस्तपुर गढी नेपाल राज्यमा समावेश हुन आएको देखिन्छ ।

लिम्बू जाति पितृ र प्रकृतिपूजक जाति भएकोले हस्तपुर गढी र यसको प्रशासनिक ईलाका याङवरक थुममा त्यसबेला पितृ तथा प्रकृतिपूजक संस्कृति ब्याप्त रहेको र लिम्बू जातिको प्रथाजनित कानुन अनुसार राज्य संचालन भएको देखिन्छ । गढी परिसरभित्र रहेका युमा तथा थेवा साम्माङ (देवीदेवता) हरूका थपनाहरूका भग्नावशेषहरूले त्यसबेला लिम्बूवान क्षेत्रमा मानिसहरूले युमा तथा थेबा साम्माङलाई प्रमुख ईष्ट देवीदेवताको रूपमा पूजा गर्दथे भन्ने कुरा जानकारी हुन आउँछ । त्यस बेलाको राजकाज संचालनमा लिम्बू जातिको संस्कार (प्रथाजनित कानुन) अनुसार हाङचुम्लुङ (राजसभा), तुम्याहाङ (पंच-भलादमी), पासिङ पादाङ (सदस्यहरू), थक्सुवा (सिपाही), थक्पेवा (सर्दार) र थक्तुम्बा (मुल सर्दार) हरूको सहभागिता रहन्थ्यो । वि.सं. १८४४ पछि याङवरक थुम र हस्तपुर गढी नेपाल राज्यमा एकीकरण भएपछि भने यस क्षेत्रमा विस्तारै हिन्दू तथा बौद्ध धर्म-संस्कृतिको प्रभाव पर्दै गएको देखिन्छ ।

यस गढीमा धेरै ऐतिहासिक तथा पुरातात्त्विक वस्तुहरू तथा संरचनाहरूका अवशेषहरू रहेका छन् । प्राप्त अवशेषहरूको आधारमा विश्लेषण गर्दा यो गढी सुरक्षा बास्तुकला अनुरूप नै निर्माण भएको देखिन्छ । यस्ता वस्तु तथा संरचनाहरूमा गढीको वरीपरी रहेको जिर्ण सुरक्षा पर्खाल, गढी परिसरमा निर्माण भएका सेन्ट्री पोष्ट, इँटको संरचनाले वनेको दरवारको भग्नावशेष, दरवार क्षेत्रको नजिकै फौजि परेड खेल्ने मैदान, दरवार क्षेत्रमा रहेका युमा तथा थेवासाम देवीदेवताका मन्दिरहरूको अवशेष, गढी वरीपरी निर्मित चक्रपथ, यहाँ पाइएको निशान झण्डा, तोप, बन्दुक र तरवारहरू मुख्य रूपमा रहेका छन् । लामो ऐतिहासिक कालखण्डमा यस गढीका यी विभिन्न संरचनाहरूको निर्माण विभिन्न राजाहरूले गरेको हुनसक्ने अनुमान गर्न सकिन्छ । पछिल्लो कालमा यस गढीका अन्तिम राजा हिलिहाङले चीन तिव्वत तिरबाट ईट वनाउने प्रविधि झिकाई यो दरवारलाई थप आधुनिक र विकशित रूपमा स्थापित गरेको देखिन्छ । उपर्युक्त तत्थ्यहरूबाट हस्तपुर गढी एक महत्त्वपुर्ण ऐतिहासिक तथा पुरातात्त्विक स्थल हो भन्ने कुरा स्पष्ट हुन आउँछ ।

## सन्दर्भ सामग्रीसूची

इङनाम, भगिराज (वि.सं. २०७८), *लिम्बूवानको ऐतिहासिक दस्ताबेज सँग्रह,* दोस्रो संस्करण , साझा प्रकाशन ।

चेम्जोङ, ईमानसिंह (वि. सं. २०५९), *किरात इतिहास,* पांचौ संस्करण , किरात याक्थुङ चुम्लुङ ।

... ..(वि सं २०५९), *किरातकालिन विजयपुरको संक्षिप्त इतिहास,* दोश्रो संस्करण, किरात याक्थुङ चुम्लुङ ।

... ..(वि सं २०६३), *History & Culture of Kirant People* (अनु. इङनाम, शेरबहादुर), दोस्रो संस्करण, डिल्लिबहादुर लिबाङ र अरु ।

बराल, भवानी र लिम्बू, कमल तिगेला (वि. सं.२०६४), *लिम्बूवानको राजनीति,* प्रथम संस्करण, भानेन्द्र कुमार लिम्बू ।

माबोहाङ, अर्जुनबाबु र लावती, लक्ष्मण (वि.सं.२०७८), *दशलिम्बूवान शत्रथुमको नीति,* प्रथम संस्करण, तेजेन्द्र कुरुम्बाङ ।

माबोहाङ, प्रेम वहादुर र ढुङ्गेल, भुपेन्द्र नाथ शर्मा (वि. सं. २०११), *नेपालको संक्षिप्त इतिहास,* द्वितीय संस्करण, किरात प्रकाशन तथा अभिलेख केन्द्र ।

मेन्याङवो, पूर्ण वहादुर र अरु (संम्पा.) (वि सं २०५९), *थिन्दोलुङ खोक्याहाङ मेन्याङ्वो वंशावली,* प्रथम संस्करण, मेन्याङ्वो कल्याणकारी संघ ।

... .. (वि. सं. २०७५), *मेन्याङवो स्मारिका,* मेन्याङ्वो कल्याणकारी संघ ।

योङहाङ, हेमराज (वि. सं. २०६८), *पूर्व लिम्बूवान र ऐतिहासिक हिलिहाङ राजाको इतिहास,* प्रथम संस्करण, धनराज योङहाङ ।

योङहाङ, हर्कबहादुर (वि. सं. २०७३), *नेपालको इतिहासमा राजा हिलिहाङ,* प्रथम संस्करण, चोकफूङ इन्टरटेनमेन्ट प्रा.लि. ।

वज्राचार्य, धनबज्र र मल्ल, कमलप्रकाश (१९८५), *गोपालराज वंशावली,* नेपाल रिसर्च सेन्टर पब्लिकेशन ।

शर्मा, डिल्लिराज (वि.सं. २०५५), *नेपालको किल्ला वास्तुकला,* प्रथम संस्करण, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

श्रेष्ठ, पुरुषोत्तम लोचन (वि.सं. २०५८), *त्रिपुर र युथुनिमम् राजकुल,* प्रथम संस्करण, भक्तपुर नगरपालिका ।

श्रेष्ठ, शिवकुमार (वि.सं. २०५२), *लिम्बुवानको ऐतिहासिक अध्ययन,* दोस्रो संस्करण, किरात प्रकाशन तथा अभिलेख केन्द्र ।

सँग्रौला, नारायणप्रसाद (वि. सं. २०७७), *पल्लो किरातको किपट व्यवस्था,* दोश्रो संस्करण, श्रीमति अम्विकादेवी सँग्रौला ।

**हस्तपुर गढीमा पाईएका ऐतिहासिक तथा पुरातात्विक वस्तुहरूका तस्विरहरू**



स्रोत : शोधार्थी आफैले अवोलोकनको क्रममा खिचेको



स्रोत : शोधार्थी आफैले अवोलोकनको क्रममा खिचेको




स्रोत : शोधार्थी आफैले अवोलोकनको क्रममा खिचेको

**चित्र नं. ४**

**हस्तपुर दरबार परिसरमा रहेको पुराना इँटाका टुक्राहरू**



स्रोत : शोधार्थी आफैले अवोलोकनको क्रममा खिचेको

**चित्र नं. ५**

**हस्तपुर गढीमा रहेका पुराना तोपहरू**



चित्र सौजन्य : भगीराज इङनाम



स्रोत : शोधार्थी आफैले अवोलोकनको क्रममा खिचेको